# पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०७।२१

प्रमाणिकरण मितिः २०८२।०७।२१

राजबिराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजबिराज, सप्तरी

# पूर्ण संस्थागत सुत्केरी  कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

नेपालको संविधानद्वारा प्रदत महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नका लागि सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन, राजबिराज नगरपालिका क्षेत्रभित्र बसोवास ग्र्नें महिलाहरुको सुरक्षित मातृत्व सम्बन्धी समस्याको समाधान तथा मातृ मृत्यु, नवजात शिशु मृत्यु र बाल मृत्यु न्यूनीकरणको लागि "पूर्ण संस्थागत सुत्केरी " कार्यक्रम सञ्चालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र राजबिराज नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी राजबिराज नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम पूर्ण संस्थागत सुत्केरी  कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

२. यो कार्यविधि राजबिराज नगर कार्यपालिकाको बैंठकले स्वीकृत वा अनुमोदन गरेको मितिदेखि लागू हुनेछ ।

**३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका नागरिक सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले राजबिराज नगरपालिकाको "पूर्ण संस्थागत सुत्केरी  कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले राजबिराज नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "मेयर" भन्नाले राजबिराज नगरपालिकाको "मेयर" सम्झनु पर्छ ।

(ङ) "उपमेयर" भन्नाले राजबिराज नगरपालिकाको "उपमेयर" सम्झनु पर्छ ।

(च) "कार्यपालिका सदस्य' भन्नाले राजबिराज नगरपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजबिराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले राजबिराज नगरपालिका अन्तर्गतका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ठ) "कार्यक्रम" भन्नाले पूर्ण संस्थागत सुत्केरी  कार्यक्रम सम्झनु पर्छ ।

(ड) "अनुदान" भन्नाले गर्भवती महिलाहरुलाई गर्भ परीक्षण र प्रसुती सेवा लिन स्वास्थ्य संस्थामा गए वापत प्रदान गरिने प्रोत्साहन रकम तथा गर्भवती महिलाहरुको खोजि गरी स्वास्थ्य संस्थासम्म पुर्याउन सहयोग गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्यकर्मीहरुलाई प्रदान गरिने प्रोत्साहन रकम भन्ने सम्झिनुपर्छ ।

(ढ) "अनुदानग्राही" भन्नाले राजबिराज नगरपालिकाभित्र बसोवास गर्ने गर्भवती महिलाहरुलाई सम्झनुपर्छ ।

(ण) "गर्भ परीक्षण" भन्नाले नेपाल सरकारले निर्धारण गरेको प्रोटोकल अनुसारको गर्भरहेको १२ हप्ता सम्म (२ महिना), १६ हप्ता सम्म (४ महिना), २० देखि २४ हप्तामा (५ देखि ६ महिना), २८ हप्तामा

(७ महिनामा), ३२ हप्तामा (८ महिनामा), ३४ हप्तामा (साढे ८ महिनामा), ३६ हप्तामा (९ महिनामा), र ३८ देखि ४० हप्तामा गरिएको गर्भ परीक्षणलाई सम्झनुपर्छ ।

(त) "प्रसूती सेवा" भन्नाले नेपाल सरकारले तोकेको मान्यता प्राप्त स्वास्थ्य संस्थावाट दक्ष प्रसूतिकर्मीद्वारा दिइने प्रसूतिसेवा लाई सम्झनुपर्छ ।

(थ) "दक्ष प्रसूतिकर्मी" भन्नाले अ.न.मि. वा स्टाफ नर्स उतीर्ण गरी क्षव तालिम प्राप्त व्यक्ति सम्झनुपर्छ।

(द) " राजविराज" भन्नाले राजवरिराज नगरपालिकालाई सम्झनुपर्छ ।

(ध) "अर्थ व्यवस्था" भन्नाले पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सन्चालनको लागि विनियोजन गरिएको वजेट लाई सम्झनुपर्छ ।

(न) "समिति" भन्नाले यौ कार्यक्रम संचालन, अनुगमन, अभिलेख राख्ने पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ ।

(प) "ईकाई समिति" भन्नाले यो कार्यक्रम संचालन, अनुगमन, अभिलेख राखे पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन ईकाई समिति सम्झनु पर्छ ।

(फ) "मातृ" भन्नाले गर्भ रहेदेखि सुत्केरी तथा गर्भपतन भएको ४२ दिन सम्मको महिलालाई सम्झनुपर्छ।

(ब) "नवशिशु" भन्नाले जन्मे देखि २८ दिन सम्मको वच्चालाई सम्झनुपर्छ ।

(भ) "जिम्मेवार व्यक्ति" भन्नाले नगरपीलकाको स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी सम्झनुपर्छ। नगरपीलकामा नर्सिङ कर्मचारी नभएको खण्डमा नगरपालिकाले नियमानुसार व्यक्ति तोक्न सक्नेछ ।

(म) "जिम्मेवार शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

(य) "उपकरण" भन्नाले यो कार्यक्रम सन्चालन गर्नकोलागि अवश्यक पर्ने सर्जिकल सामान लगायतका उपकरणलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सञ्चालन गर्दा अपनाइने प्रक्रिया

(१) राजविराज नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुवाट गर्भवती परीक्षण तथा सुत्केरी सेवा र मान्यता प्राप्त बर्थिङ सेन्टर (सरकारी तथा निजि) वाट प्रसूती सेवा प्रदान गरी कार्यक्रम सञ्चालन गर्ने ।

(२) हाललाई वडा नं. १६ मा अवस्थित बोरिया स्वास्थ्य चौकीमा सञ्चालित वर्थिङ सेन्टरबाट प्रसूती सेवा प्रदान गर्ने र पछि अन्य स्वास्थ्य संस्थाहरुमा पनि वर्थिङ सेन्टर सञ्चालन गरी सो वाट प्रसूती सेवा प्रदान गर्ने तथा उक्त कार्यक्रममा समन्वय र सहयोग गर्ने ।

(३) गर्भवती महिलाहरुले प्रोटोकल अनुसार गर्भ रहेको १२ हप्ता सम्म (२ महिना), १६ हप्ता सम्म (४ महिना), २० देखि २४ हप्तामा (५ देखि ६ महिना), २८ हप्तामा (७ महिनामा), ३२ हप्तामा (८ महिनामा), ३४ हप्तामा (साढे ८ महिनामा), ३६ हप्तामा (९ महिनामा) र ३८ देखि ४० हप्तामा गर्भ परीक्षण गराउन स्वास्थ्य संस्थामा गए वापत र प्रसूती गराउन मान्यता प्राप्त स्वास्थ्य संस्थामा गई दक्ष प्रसूतिकर्मीवाट प्रसूती सेवा लिए वापत अनुसूची १ वमोजिमको प्रोत्साहन रकम प्रदान गर्ने ।

(४) सेवा प्रदान गर्ने सेवा प्रदायकलाई र गर्भवती महिला खोजि गरी उल्लिखित सेवा लिन सहयोग पुर्याउने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सेवा दिए वापत अनुसूची २ बमोजिमको सेवा सन्चालन प्रोत्साहन रकम प्रदान गर्ने ।

(५) छुट भएका गर्भवती महिलाहरुको खोजि गरि पूर्ण संस्थागत सुत्केरी कार्यक्रम मार्फत सेवा प्रदान गर्ने ।

(६) उपरोक्त कार्यक्रमको नियमित अनुगमन, सुपरिवेक्षण, मूल्यांकन र कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था प्रमुख, नगरपालिकाको स्वास्थ्य शाखा, नगर समिति र ईकाई समितिको हुने ।

(७) सम्पूर्ण गर्भवती महिलाहरुलाई प्रसूती सेवा लिन बर्थिङ सेन्टर जाँदाको समयमा निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनुको साथै प्रेषण सेवालाई व्यवस्थित गरिनेछ । साथै पछि यस कार्यक्रमलाई आवश्यकता अनुसार विस्तार गर्दै लगिने ।

(८) गर्भवती परीक्षण, प्रसुती सेवा र सुत्केरी सेवा नियमित रुपमा निरन्तर प्रदान गरिने ।

(९) समुदायमा प्रजनन् उमेर समुहका महिलाहरुलाई प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, आमा सुरक्षा कार्यक्रम र पूर्ण संस्थागत सुत्केरी सम्वन्धी जनचेतना अभिवृद्धि गर्नको लागि समुदाय स्तरमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमको सन्चालनका साथै आवश्यकता अनुसार तोकिए बमोजिम कार्यक्रमहरुको निरन्तरता तथा विस्तार गरिनेछ । यस कार्यक्रम भित्र आमा सुरक्षा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, नवशिशु स्याहार, जस्ता विषयहरु र गर्भवती सेवा, प्रसूती सेवा, सुत्केरी सेवा तथा सुरक्षित गर्भपतन सेवा पर्दछन। यस निर्देशिकाको प्रजनन् उमेर समुहका गर्भवती महिला तथा नवशिशुको स्वास्थ्य स्थिति सुधार गर्ने प्रमुख उद्देश्य रहेको छ ।

(१०) पूर्ण संस्थागत सुत्केरी कार्यक्रमले निम्न सेवाहरु सञ्चालन तथा व्यवस्थापन गरिने:-

क. गर्भवती परीक्षण सेवा (संस्था र घर)

ख. प्रसूती सेवा

ग. सुत्केरी सेवा (संस्था र घर)

घ. सुरक्षित गर्भपतन सेवा

ङ) एम्वुलेन्स सेवा

च) नव शिशु स्याहार सेवा

छ) मातृकालिन तथा वाल्यकालिन पोषण सेवा

ज) व्यवस्थित प्रेषण सेवा

(११) आमा तथा नव शिशुको स्वास्थ्य सम्वन्धी सेवा आवश्यकता अनुसार विस्तार गर्ने ।

(१२) राजविराज नगरपालिका भित्रका सम्पूर्ण गर्भवती महिला दिदिबहिनीहरुलाई यस कार्यक्रममा समेट्नको लागि नगरपालिका भित्रका सबै वडाहरुलाई समूहमा विभाजन गरी तत् तत् स्थानहरुमा सम्बन्धित वडाका जन प्रतिनिधि महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य आमा समूहका सदस्य, स्थानीय स्वास्थ्य संस्था र लक्षित महिलाहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सबै वडाहरुमा ईकाई समिति गठन गर्ने ।

(१३) महिलाहरुलाई पूर्ण संस्थागत सुत्केरी कार्यक्रममा सहभागी हुनका लागि नगरपालिकाले पत्रपत्रिका, वेभसाइट, एफ. एम. आदिका माध्यम बाट सार्वजनिक रुपमा सूचना प्रकाशित गर्ने ।

(१४) पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सञ्चालन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी नीति योजना, तथा कार्यक्रम तयार गर्नको लागि नगरपालिकालाई आवश्यक सुझाव दिन देहाय बमोजिम एक पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन समिति र प्रत्येक वडामा एक ईकाई समिति रहने छ ।

**(क) पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन समिति :-**

१) मेयर राजबिराज नगरपालिका संयोजक

२) उपमेयर राजबिराज नगरपालिका सह-संयोजक

३) प्रमुख प्रशासकीय अधिकृत नगर कार्यपालिकाको कार्यालय - सदस्य

४) लेखा शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय - सदस्य

५) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय - सदस्य

६) प्रशासन शाखा प्रमुख नगर कार्यपालिकाको कार्यालय - सदस्य

७) सरकारी बर्थिङ सेन्टरको प्रतिनिधि - सदस्य

८) गैर सरकारी बर्थिङ सेन्टरको प्रतिनिधि २ जना - सदस्य

९) स्वास्थ्य शाखाका नर्सिङ कर्मचारी नगर कार्यपालिकाको कार्यालय - सदस्य सचिव

**कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार**

(क) राजबिराज नगरपालिका भित्रका गर्भवती महिलाहरुको सेवाको पहुँचबारे जनसमुदाय, आमा स्वास्थ्य समूह, स्थानीय जनप्रतिनिधि र सरोकारवालाहरुलाई सचेतना गराउनु पर्नेछ ।

(ख) पूर्ण संस्थागत सुत्केरी कार्यक्रम संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु कार्यान्वयनमा ल्याउने ।

(ग) कार्यक्रमले तोकेको सेवा तथा सुविधाहरुको अनुगमन, नियमन तथा कार्यान्वयन गर्न लगाउने ।

(घ) सेवा सुविधाको विषयमा आवश्यकता अनुसार निर्णय गर्ने ।

(ङ) आवस्यकता अनुसार बैठक वसी पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सम्बन्धी निर्णयहरु गर्ने ।

(च) वार्षिक प्रगति तथा आयव्यय विवरण कार्यपालिकामा पेश गर्ने ।

**(ख) पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन ईकाई समिति :-**

१) सम्वन्धित वडाको वडा प्रमुख - संयोजक

२) सम्वन्धित वडाको म. स्वा. से. हरुमध्ये नगर प्रमुखबाट मनोनित १ जना - सदस्य

३) सम्वन्धित वडाको सचिव - सदस्य

४) स्वास्थ्य आमा समूहको सदस्यहरुमध्ये इकाइ समितिबाट मनोनित १ जना - सदस्य

५) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको नर्स मध्ये सम्बन्धित स्वास्थ्य चौकीले छनौट गरी पठाएको १ जना -सदस्य

६) सम्वन्धित वडाको महिला जनप्रतिनिधी मध्ये संयोजकले मनोनित गरेको एक जना - सदस्य

७) सम्बन्धित वडाका स्वास्थ्य संस्था प्रमुख - सदस्य-सचिव

**कार्यक्रम कार्यान्वयन ईकाई समितिको काम कर्तव्य र अधिकार**

(क) राजविराज नगरपालिका भित्रका गर्भवती महिलाहरुको खोजि गरि तोकिएको सेवा लिन सहयोग तथा प्रोत्साहन गर्नु पर्नेछ ।

(ख) पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सन्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरु महिला तथा सरोकारवालाहरुमा जानकारी गराउने ।

(ग) कार्यक्रमले तोकेको सेवा तथा सुविधाहरु सम्वन्धित महिलाहरुले लिए नलिएको एकिन गर्ने र आवश्यक सहयोग गर्ने ।

(घ) सेवा सुविधाको विषयमा सरोकारवालाहरुलाई जानकारी गराउने ।

(ङ) आवश्यकता अनुसार बैठक बसी पूर्ण संस्थागत सुत्केरी कार्यक्रममा सबै सम्बन्धित महिलावर्गहरुले सेवा लिएको सुनिश्चित गर्ने ।

(च) वार्षिक प्रगति विवरण तथा सुझावहरु नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखामा पेश गर्ने ।

## परिच्छेद -३

## पूर्ण संस्थागत सुत्केरी पालिका घोषणाको व्यवस्थापन र मापदण्ड

(१) **चिकित्सकको व्यवस्था :-** पूर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि नगरपालिकाले बर्थिङ सेन्टरलाई थप सुविधा सम्पन्न बनाउने हेतुले २४ सै घण्टा कुशल प्रसुति परिचालिका (एसबिए तालिम प्राप्त नर्श) को व्यवस्था मिलाइने ।

(२) **आवश्यक उपकरणको व्यवस्था :-** यस कार्यक्रम सञ्चालनको लागि न्यूनत्तम सेवा मापदण्डको लेखाजोखा गरी आवश्यकता पहिचानबाट आएको सामग्रीहरु दोहोरो नपर्ने गरी खरिद गर्ने जिम्मेवारी नगर कार्यपालिकाको स्वास्थ्य र जिन्सी शाखाको साथै खरिद ईकाई समितिको हुने ।

(३) **बजेट व्यवस्थापन :-** यस कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट संघ तथा प्रदेशबाट प्राप्त सर्शत अनुदानमा अपुग भएमा राजविराज नगरपालिकाबाट विनियोजित गरिने । साथै विनियोजित बजेट अनुसारको कार्यक्रम यस नगरपालिकाको स्वास्थ्य शाखाबाट बार्षिक रुपमा कार्ययोजना बनाई खर्च गरिने ।

(४) **एम्बुलेन्स सेवा सम्वन्धि व्यवस्था :-** यो कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सिफारिस कार्यलाई प्राथमिकतामा राख्दै आवश्यक पर्ने एम्बुलेन्स सेवाको लागि एम्बुलेन्स सञ्चालन निर्देशिका बमोजिम हुने ।

(५) **पूर्ण संस्थागत सुत्केरी पालिका घोषणका लागि देहायका कार्यक्रमहरु सन्चालन गरिने:-**

१. सम्वन्धित सम्पूर्ण निकाय तथा सरोकारावालाहरुको सहभागितामा बैठक बसी नगर स्तरीय समिति गठन एवं कार्यक्रमको योजना बनाउने ।

२. सम्वन्धित प्रत्येक वडाहरुमा वडा इकाई समिति गठन गर्ने ।

३. निर्देशिकाले तोके बमोजिमको सम्पूर्ण लक्षित समूह तथा कर्मचारीहरुलाई कार्यक्रमको अभिमुखीकरण सञ्चालन गर्ने ।

४. समुदायमा पूर्ण संस्थागत सुत्केरी कार्यक्रम सञ्चालन गर्ने ।

५. समय समयमा कार्यक्रमले निर्दिष्ट गरेको सूचकहरुको समीक्षा गर्ने ।

६. पूर्ण संस्थागत सुत्केरी पालिका घोषणाको लागि तोकिएको मापदण्डहरु लगातार ३ (तिन) आर्थिक वर्षसम्म लेखाजोखा र विश्लेषण गर्ने ।

७. कार्यक्रमको विश्लेषण एवं समीक्षाबाट मापदण्ड अनुसारको परिणाम प्राप्त भएपछी पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गर्ने ।

**(६) पूर्ण संस्थागत सुत्केरी पालिका घोषणाको लागि तपसिल बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ :**

१. गत वर्षसम्म पूर्ण संस्थागत सुत्केरी भएको हुनु पर्छ । यसको लागि पालिकामा बसोवास गर्ने सम्पूर्ण सुत्केरी भएका महिलाहरुको तथ्याङ्क संकलन गरी विश्लेषण गरेर वा पालिकामा भएका सम्पूर्ण स्वास्थ्य संस्थामा रहेको सुत्केरी सम्बन्धि तथ्याङ्कको आधारमा वा खोपकार्यक्रममा खोप लगाउन आएका आमाहरुलाई सुत्केरी कहाँ गराउनु भएको हो भन्ने तथ्याङ्क लिएर वा खोपको लागि सूक्ष्म योजना सर्भे गर्दा यस सम्बन्धि प्रश्न राखेर तथ्याङ्क लिई पूर्ण संस्थागत सुत्केरी भए नभएको सुनिश्चितता गरिने छ ।

२. पूर्ण खोप सुनिश्चितता भएको हुनुपर्नेछ । यसको गणना पालिकाभित्र रहेका स्वास्थ्य संस्थाको तथ्याङ्कलाई आधार मानिनेछ ।

३. सुत्केरीको तथ्याङ्क लिदा अपवादहरुलाई संस्थागत सुत्केरीकै रुपमा गणना गरिने छ । उदाहरणको लागि स्वास्थ्य संस्था लैजाने क्रममा भएको सुत्केरी तथा त्यस्तै कुनै आपतकालिन अवस्थामा स्वास्थ्य संस्था बाहिर नै भएको सुत्केरी आदि ।

४.आमा कार्यविधिमा भएको व्यवस्था बमोजिमको सुविधा पालिकाले दिनुपर्ने छ । यसको अतिरिक्त नगरपालिकाबाट थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्ने छ ।

**(७) गोपनियता कायम राख्नुपर्ने :-** यस कार्यक्रम बमोजिम सेवा लिने महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसँग सम्वन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरिएको परामर्श र सेवा सम्वन्धी सबै अभिलेख गोप्य राख्नु पर्ने । तर देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्वन्धी अभिलेख उपलब्ध गराउन सकिनेछ ।

क) कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनुवाईको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

ख) सुरक्षित गर्भपतन सेवा सम्वन्धी अध्ययन, अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्वन्धित महिलाको परिचय नखुल्ने गरी विवरण माग गरेमा ।

ग) सम्वन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा ।

**(८) पूर्ण संस्थागत सुत्केरी पालिका घोषणापछि राजबिराज नगरपालिकाले निम्न परिणामहरु हाँसिल गर्नेछ:-**

१. सम्पूर्ण आमा तथा बच्चाहरुको स्वास्थ्य स्थिति मा उल्लेखनीय सुधार आउने ।

२. सम्पूर्ण गर्भवती महिलाहरुले मान्यता प्राप्त स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिएको हुने ।

३. दिगो विकास लक्ष्य हासिल गर्नमा सहयोग पुग्ने ।

**(९). अभिलेख तथा प्रतिवेदन :-** यस निर्देशिका बमोजिम सेवालिने सेवाग्राहीहरुको अभिलेख सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुले राखी मासिक रुपमा राजबिराज नगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखामा प्रतिवेदन गर्नुपर्ने ।

**(१०) महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गमैत्री सेवा प्रदान गर्नुपर्ने :-** यस कार्यक्रम बमोजिम सेवा प्रदान गर्दा महिला, बालबालिका, किशोर किशोरी एवं अपाङ्गमैत्री हुने गरि सेवा प्रदान गर्नुपर्ने ।

**(११) भेदभाव गर्न नपाइने :-** कसैलाई निजको उत्पती, धर्म, वर्ण, जातजाती, लिङ्ग, समुदाय, पेशा व्यवसाय, यौनिक तथा लैंगिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था, कुनै रोग वा जीवाणुबाट संक्रमित भएको वा हुने जोखिममा रहेको अवस्था, प्रजनन स्वास्थ्यको रुग्णताको अवस्था, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसुती तथा नवजात शिशु, लगायतका महिनावारी सम्बन्धीत सेवा प्राप्त गर्ने अधिकार माथि कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

**(१२) संरक्षण गृहको व्यवस्था :-** मानशिक रुपले अशक्त, अपाङ्ग, घर परिवार र आफन्तबाट, तिरस्कृत, बलाकृत, सुरक्षित मातृत्व, महिलाको प्रजनन स्वास्थ्य, नवशिशुको स्वास्थ्य, संरक्षणका लागि त्यस्ता महिला तथा शिशुलाई संरक्षण गृहमा राख्ने गरि संघ, प्रदेश तथा अन्य साझेदारको पारस्परिक समन्वयमा आवश्यक व्यवस्था मिलाउन सकिनेछ ।

**(१३) निर्देशन दिन सक्ने :-** नगरपालिकाले यस कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिएका निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद - ४
## पूर्ण संस्थागत सुत्केरी घोषणा पछि दीगोपनाको रणनीतिहरु

१) पूर्ण संस्थागत सुत्केरी घोषणालाई निरन्तर कायम राख्न आवश्यक कार्यक्रमलाई पालिका तथा स्वास्थ्य संस्थाहरुबाट निरन्तरता दिनु पर्ने छ ।

२) स्वास्थ्य संस्थाले गुणस्तरीय गर्भ जाँच, प्रसूति र सुत्केरी जाँच तथा सेवाको निरन्तर उपलब्धताको सुनिश्चितता गर्ने छ ।

## परिच्छेद - ५
## विविध

१. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२. बाधा अडकाउ फुकाउने अधिकार: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा व्याख्या गर्ने अधिकार राजबिराज नगर कार्यपालिकालाई हुनेछ ।

३.**संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार राजबिराज नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची १

राजविराज नगरपालिका

पूर्ण संस्थागत सुत्केरी (पूर्ण संस्थागत सुत्केरी) कार्यक्रमका लाभग्राहीहरुको अभिलेख

| सि.नं. | नाम थर | उमेर | ठेगाना | प्रदान गरिएको सेवा | उपचार | प्रेषण गरिएको अस्प | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राजविराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी

## अनुसूची २

### राजविराज नगरपालिका

### पूर्ण संस्थागत सुत्केरीको अभिलेख

तथ्यांक अवधि (एक वर्षभित्र..........................................देखि..........................................सम्म

| स्वास्थ्य संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | कूल सुत्केरीको संख्या | संस्थागत सुत्केरीको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

......................                                        ......................

तयार गर्ने                                        प्रमाणित गर्ने